नेपाल प्रहरी प्रधान कार्यालय

# मानव बेचबिखन अनुसन्धान व्युरो

बबरमहल,काठमाण्डौ

## प्रेस विज्ञप्ति-६८

## "इन्टरपोलबाट रेड नोटिस जारी गरि कुवेतबाट पक्राउ भएका प्रतिवादीलाई पुर्पक्षको लागि थुनामा पठाइएको "

### पक्राउ अभियुक्तको विवरण :-



**नामः- दिलिप राउत**

**उमेर :- ५७ वर्ष**

**स्थायी वतनः- जिल्ला धनुषा जनकनन्दनी गाउँपालिका वडा नं.-४**

जाहेरवाला परिवर्तित नाम २६ बबरमहल (३१५) लाई दुबईको कम्पनीमा मासिक तलव ने.रु.४०,०००।–(चालीस हजार) सम्म हुने काममा लगाइदिने प्रलोभन देखाई भिजिट भिषामा यु.ए.ई.को दुबई सहर पुर्याई अभियुक्तले आफु बस्ने फ्ल्याटमा लगि बन्धक बनाई घरेलु काममा लगाई **चरम श्रम शोषण र यौन शोषण गरी** युएईमा भन्दा कुवेतमा राम्रो तलव हुन्छ, अफिसमा क्लिनरको सजिलो काम हो भनि दुबईबाट कुवेत पुर्याई कुवेतस्थित एजेन्ट अफिसमा मानव बेचबिखन गरी बन्धक बनाई चरम श्रम शोषण र यौन शोषण गरी राखेको अवस्थामा जाहेरवालाले नेपाल फर्काउन अनुरोध गर्दा प्रतिवादी दिलिप राउतले माग गरे बमोजिमको १५००/-के.डि. (ने.रु. ६ लाख ७५ हजार) रकम बुझाई नेपाल फर्कन सफल भएको भन्ने व्यहोराको **मिति २०८१।०२।३१ गते जाहेरी दरखास्त** प्राप्त भई मुद्दा दर्ता गरी अनुसन्धानको सिलसिलामा वारदात पश्चात फरार रहेका **प्रतिवादी दिलिप राउतलाई** खोजतलास गर्ने क्रममा निज प्रतिवादी कुवेतमा रहेको भन्ने बुझिएकोले निजको नाममा नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभाग (ईन्टरपोल शाखा) मार्फत **मिति २०८१।०६।१८ गते RED NOTICE जारी** गरी निज प्रतिवादीलाई कुवेतमा पक्राउ गरी कुवेतवाट **मिति २०८१/०७/२० गते** विहान ०९:०० बजे त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलवाट नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभाग (ईन्टरपोल शाखा) को प्रहरी अधिकृतको टोलीले पक्राउ गरी आवश्यक अनुसन्धान तथा कारबाहीको लागि यस कार्यालयमा बुझाएकोमा निज प्रतिवादीलाई सम्बन्धित कसूर बमोजिम कानूनी कारबाहीको लागि जिल्ला सरकारी वकिल कार्यालय माइतीघर मार्फत मिति २०८१।०७।२० गते सम्मानित काठमाण्डौ जिल्ला अदालत बबरमहलमा दाखिला गरिएकोमा काठमाण्डौ जिल्ला अदालत,बबमहलको मिति २०८१।०७।२१ गतेको थुनछेकको आदेशले निज **प्रतिवादी दिलिप राउतलाई पुर्पक्षको लागि थुनामा पठाइएको ।**

**सूचना अधिकारी**
**(भावेष रिमाल)**
**प्रहरी उपरीक्षक**

**मितिः २०८१/०७/२१ गते ।**

**सम्पर्क नम्बरः-९८५१२९२२०२**

Contact No:01-5339569, Hot Line:1177, Email:ahtb@nepalpolice.gov.np, www.ahtb.nepalpolice.gov.np